# माण्डवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## (शिक्षा, युवा तथा खेलकुद शाखा)
नयाँगाउँ, प्युठान ,५ नं. प्रदेश, नेपाल

# करार सेवामा प्रधानाध्यापक पदपूर्ति गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति: २०७५/०५/१९)**

माण्डवी गाउँ कार्यपालिकाबाट आ.व.२०७५/२०७६ शिक्षा योजना कार्यान्वयनको लागि कार्यविधि २०७५ पारित भई सोही कार्यविधि बमोजिम माण्डवी गाउँपालिकाबाट आ.व.२०७५/२०७६ अनुमोदित वार्षिक नीति, कार्यक्रम तथा वजेट अनुरुप माण्डवी गाउँपालिका अन्तरगत रहेका सामुदायिक विद्यालयहरुमा देहाय बमोजिमका शर्तहरुको अधीनमा रही करार सेवामा प्रधानाध्यापकको पदपूर्ति गर्नुपर्ने भएकोले, इच्छुक उम्मेदवारले यस गाउँ कार्यपालिकाको कार्यालयमा रीतपूर्वक विद्यालय विकास प्रस्ताव सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र दरखास्त दिनुहुन यसै सूचनाद्वारा सूचित गरिन्छ।

**तहः माध्यमिक**

**विज्ञापन नं.०९—२०७५/२०७६** **परीक्षा दस्तुर रु.१०००/-**

**शैक्षिक योग्यता:** सम्बन्धित तहमा स्थायी नियुक्ति भई शिक्षा शास्त्र विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरेको। वा स्थायी नियुक्ति भई दश वर्ष सम्बन्धित तहमा स्थायी सेवा गरेको।

**तहः निम्नमाध्यमिक**

**विज्ञापन नं.१०—२०७५/२०७६** **परीक्षा दस्तुर रु.७००/-**

**शैक्षिक योग्यता :** सम्बन्धित तहमा स्थायी नियुक्ति भई शिक्षा शास्त्र विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको। वा स्थायी नियुक्ति भई दश वर्ष सम्बन्धित तहमा स्थायी सेवा गरेको।

**तहः प्राथमिक**

**विज्ञापन नं.११—२०७५/२०७६** **परीक्षा दस्तुर रु.५००/-**

**शैक्षिक योग्यता :** सम्बन्धित तहमा स्थायी नियुक्ति भई प्रविणता प्रमाणपत्र वा सो सरह उत्तीर्ण गरेको। वा माध्यमिक शिक्षा उत्तीर्ण गरी दश वर्ष सम्बन्धित तहमा स्थायी सेवा गरेको।

..........................
नारायण पौडेल
प्रमुख प्रशासकीय अधिकृत

नारायण पौडेल
प्रमुख प्रशासकीय अधिकृत